# **प्रेस विज्ञप्ति**

नेपालका लागि नवनियुक्त भारतीय राजदूत श्री नवीन श्रीवास्तवले आज राष्ट्रपति भवन, शितल निवासमा आयोजित एक समारोहमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्नुभयो ।

२. ओहोदाको प्रमाणपत्र पेश गरेपश्चात राजदूत श्रीवास्तवले आजै सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवासँग शिष्टाचार भेटवार्ता गर्नुभयो ।

३. भेटमा वहाँले भारतका राष्ट्रपति र प्रधानमन्त्रीले पठाएका शुभकामना सन्देश सुनाउनुभयो । राजदूत श्रीवास्तवले हालै भएको सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाको भारत भ्रमण र माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेपाल भ्रमणले दुई देशबीचको द्विपक्षीय सम्बन्धमा नयाँ गति प्रदान गरेको उल्लेख गर्नुभयो । साथै वहाँले दुई देशबीचको मैत्री सम्बन्धलाई अघि बढाउने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

४. श्रीवास्तव नेपालका लागि भारतका २६ औं राजदूत हुन् । पूर्व राजदूत विनय मोहन क्वात्रा विदेश सचिवको कार्यभार सम्हाल्न २०२२ अप्रिलमा दिल्ली गएपछि श्रीवास्तव नयाँ राजदूतका रुपमा नियुक्त भएका हुन् ।

भारतीय राजदूतावास

काठमाडौं

२०७९ आषाढ १६ गते